निर्वाचन आयोग, नेपाल
ELECTION COMMISSION, NEPAL

प.सं. च.नं./Ref:

प्रेस विज्ञप्ति

मिति : २०७४/१/२७

## बैशाख २८ गते रातीदेखि मौन अवधि सुरु हुने

स्थानीय तह निर्वाचन, २०७४ अन्तर्गत पहिलो चरणमा बैशाख ३१ गते आइतबार हुने निर्वाचनका लागि २०७४ बैशाख २८ गते बिहिबार राति १२ बजेपछि 'मौन अवधि' शुरु हुने सम्बद्ध सबै सरोकारवालालाई जानकारी गराइन्छ ।

स्थानीय तह निर्वाचन, निर्देशिका, २०७३ को दफा ६९ मा मौन अवधिमा प्रचार गर्न निषेध गरिएको छ । निर्देशिकाको दफा ६९ को (१) मा मौन अवधि सुरु भएपछि मतदानको काम पूरा नभएसम्म निर्वाचन हुने पदका लागि निर्धारित क्षेत्रभित्र कुनै उम्मेदवारको पक्ष वा विपक्षमा मत लिने वा दिने उद्देश्यले कुनै प्रकारले कुनै किसिमको प्रचार गर्न दिन हुँदैन भन्ने उल्लेख छ ।

सोही निर्देशिकाको दफा ७० मा 'प्रचार-प्रसार गर्न वा शान्ति भङ्ग गर्न' निषेध गरिएको छ । सोही दफाको उपदफा (१) मा मतदान हुने दिनभन्दा ४८ घन्टाअघिदेखि मतदानको काम पूरा नभएसम्म कुनै उम्मेदवार वा दलको पक्ष वा विपक्षमा मतदान गर्ने वा नगर्ने उद्देश्यले सभा बोलाउन वा आयोजना गर्न, जुलुस निकाल्न वा नाराबाजी गर्न तथा अन्य कुनै प्रकारले प्रचार-प्रसार गर्न वा गराउन निषेध गरिएको छ ।

स्मरण रहोस् निर्वाचन आचार संहिता, २०७२ को दफा ५(क) को नं. १० मा जुलुस, आमसभा, र्‍याली, बैठक, भेला वा प्रचार-प्रसारका कार्यक्रम बिहान ८:०० बजेदेखि साँझ ७:०० बजेसम्म मात्र गर्नुपर्ने उल्लेख छ ।

(सूर्य प्रसाद शर्मा)
सहसचिव एवं प्रवक्ता



कान्तिपथ, काठमाडौं, नेपाल, फोन नं. (९७७-१) ४२२८६६३ । फ्याक्स: (९७७-१) ४२२९२२७
Kantipath, Kathmandu, Nepal, Tel: (977-1) 4228663, Fax: (977-1) 4229227
E-Mail: info@election.gov.np, Website: www.election.gov.np